# के कुरा गर्छौ ?

कौसल्या नै राम बाट भगिरहेको बेला
दसरथ नै सबै सुम्पि  बनबाश गैरहेको बेला
कुन राम को कुरा गर्छौ ?
के राम को कुरा गर्छौ ?

बन्दुक र बारुद ले कानै खाइरहेको बेला
डाँडा काँडा घर आँगन रक्ताम्य को बेला
कुन बुद्ध को कुरा गर्छौ
के बुद्ध को कुरा गर्छौ ?

दसगजा नै गजौँ गज सरि रहेको बेला
बाँच्ने धरा प्रबास भै गाँउ रित्तिएको बेला
कुन भक्ति को कुरा गर्छौ ?
के नालापानि को कुरा गर्छौ ?

भो के कुरा गर्छौ !
के एकादेश को कुरा गर्छौ ?

++++++
कपिल अधिकारी
जनवरी 16,2003